परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

4th Anniversary

वर्ष : ४ अंक : ०७ पृष्ठ ४ २०८२ कार्तिक १२ गते, बुधबार 29 October, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## जब देवा थापाले दोस्रो पटक छोटा डनलाई पछारे..



● टक नेपाल

सिमसिमे पानीले चिसिएको अखाडा छेउ दिउँसो करिब २ बजे नेपालमा जन्मिएर भारतमा चर्चा कमाएका पहलमान देवा थापा झुल्किए। उनी यहाँ आफ्नो कुस्ती कला देखाउन आउन लागेको प्रचार आयोजकले गरेकाले पनि अखाडा वरिपरि करिब ५ हजारको संख्यामा कुस्तीको मज्जा लिन दर्शक ओइरिएका थिए।

होचो कदका फुर्तिला देवालाई देख्नासाथ दर्शकदीर्घाबाट उनको स्वागतमा ठूलो हुटिङ भयो। उनी हात हल्लाउँदै आफ्ना प्रशंसकलाई अभिवादन गर्दै थिए । त्यतिबेलै भारत राजस्थानबाट आएका छोटा डन नाम गरेका पहलमान उनीउपर जाइ लागेर हातपात गर्न थाले । सम्भवतः छोटा डनले दर्शकदीर्घाबाट पाएको देवा थापाको समर्थनको स्वर पचाउन सकेनन्।

अनि देवाले छोटा डनलाई भने, 'हतार नगर म तिमीलाई अखाडाबाटै जवाफ दिनेछु ।' दर्शक पनि देवाको कुस्तीकला हेर्न आतुर दिए। दर्शकदीर्घाबाटै देवा थापाको माग गर्दै हुटिङ हुन थालेपछि आयोजकलाई देवालाई अखाडामा नउतारी धरै भएन।

यसरी सुरु भएको थियो देवा थापा र छोटा डनबीचको घमासान कुस्ती।

सुरुमै छोटा डनले नियमविपरीत खेलेर देवालाई झुक्याएर पछारे । तर दर्शकदीर्घाबाटै विरोध भएपछि देवा र छोटा डनबीच वास्तविक भिडन्त सुरु भयो । करिब तीन मिनेटमा देवाले आफ्नो चीरपरिचित अन्दाजमा छोटा डनलाई चित गरे । तर देवाले नै छोटा डनको घमण्ड तोड्न दोस्रो पटक पनि लड्ने अवसर छोटा डनलाई दिए। दोस्रो पटकमा पनि देवाले छोटा डनलाई चित गरे ।अनि देवालाई दर्शक दीर्घाबाट स्याब्बासी र नगद पुरस्कारको ओइरो लाग्यो।

परवानीपुर गाउँपालिका वडा नं. २ रामपुर टोकनीमा आयोजित महावीरी झण्डी मेलामा बुधबार आयोजित दंगलको दृश्य थियो यो। छठ पर्वको मैजारोमा आयोजित कुस्ती दंगलले स्थानीयलाई निकै मनोरन्जन दिएको थियो । दर्शकदीर्घामा नाति पुस्तादेखि हजुरबुवा उमेर समूहका दर्शकको पनि उपस्थिति थियो। झण्डी मेला नाम दिइए पनि दर्शकको आकर्षण कुस्तीतर्फ देखापर्दा कुस्ती मेला हो कि भन्ने भान पनि भइरहेको थियो।

तराईबासी चाडपर्वमा मेला र त्यसमा आयोजना गरिने कुस्ती प्रतियोगितामा बढी रमाउँछन् । तराईको यो सर्वाधिक प्रसिद्ध खेलले सामाजिक सन्जालको आजको युगमा पनि बाक्लै दर्शकलाई आफूतर्फ खिच्छ । अझै पनि कुस्ती भनेपछि तराई मधेशका पुरुष हुरुक्कै हुन्छन्। छठ पर्वको समापनसँगै यहाँ मात्र नभई वीरगन्जको इनरवा र ग्रामीण भेगको धोरेमा पनि भव्य कुस्ती मेला आयोजना गरिएको थियो।

## डा. लुहार
## 'नेपाल लेखक पुरस्कार' का लागि मनोनीत



● टक नेपाल

पुख्यौंली घर डडेल्धुरा भई नेपाली साहित्य र आध्यात्मिक चिन्तनको क्षेत्रमा सक्रिय योगदान गरिरहेका डा. नरिराम लुहार 'विनोद' प्रतिष्ठित 'नेपाल लेखक पुरस्कार २०२५' को आध्यात्मिक तथा धार्मिक साहित्य विधामा मनोनयनमा परेका छन्।

उनको पुस्तक 'नेपालका प्रमुख १० धर्महरूको संक्षिप्त परिचय' ले धार्मिक सहिष्णुता, सांस्कृतिक विविधता र राष्ट्रिय पहिचानलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको मूल्यांकन गर्दै मनोनयन गरिएको आयोजक संस्था इन्फिनिटी सर्भिसेज प्रालिले जनाएको छ।

पुस्तकले नेपालमा प्रचलित प्रमुख धर्महरूको वास्तविक परिचय मात्र नभई आपसी सद्भाव, शान्ति र आध्यात्मिक जागरणको सन्देशसमेत प्रवाह गरेको छ । साहित्यिक र आध्यात्मिक क्षेत्रमा योगदान गरेका ४० जनालाई कार्तिक १५ गते सम्मान गर्न लागिएको आयोजक संस्थाकी प्रबन्ध निर्देशक शीतल खड्काले जानकारी दिइन्।

डा. लुहारको साहित्यिक समर्पण र आध्यात्मिक दृष्टिकोणले नेपाली समाजमा सकारात्मक सोच र नैतिक चेतना स्थापना गर्न उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। उनका लेखनमार्फत युवा पुस्तालाई मार्गदर्शन गर्ने कार्य प्रशंसनीय रहेको उल्लेख गरिएको छ । डा. लुहारले हालसम्म २७ वटा पुस्तक लेखेका छन्। उनका कृति नेपाल मात्र नभई अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रख्यात छन्।

डा. लुहारले गोल्ड मेडलका साथ सातपटक वर्ल्ड रेकर्ड राखेका छन् । उत्कृष्ट शिक्षक पुरस्कार, राष्ट्रिय शिक्षा रत्न अवार्ड-२०७९, आजीवन उपलब्धि पुरस्कार, विश्वव्यापी अन्तर्राष्ट्रिय उपलब्धि पुरस्कार, खिस्टियन अपोलोजिस्ट पुरस्कार, सर्वोत्कृष्ट लेखक पुरस्कार पाइसकेका छन् । यसका साथै उत्कृष्ट सार्वजनिक वक्ता पुरस्कार, ग्लोबल बेस्ट प्रोफेसर गोल्डेन पिक अवार्ड-२०७९, अन्तर्राष्ट्रिय मानव अधिकार पुरस्कार, एसिया नोबेल लिडरसिप पुरस्कार (थियोलोजिकल स्टडिज), राष्ट्रिय गौरव पुरस्कार र अन्तर्राष्ट्रिय नेल्सन मण्डेला पुरस्कार-२०२४ पाएका छन्।

उनको यस मनोनयनले नेपाललाई आध्यात्मिक चिन्तन र साहित्यिक योगदानको माध्यमबाट विश्व समुदायमा परिचित गराउन महत्त्वपूर्ण योगदान गर्ने विश्वास लिइएको छ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### जेन–जी सन्देश, तर दलहरू अझै मौन

जेन-जी आन्दोलनपछि पुराना राजनीतिक दलहरूभित्र नेतृत्व परिवर्तन र आन्तरिक सुधारको दबाब तीव्र बनेको छ। तर यो दबाबलाई अवसरका रूपमा उपयोग गर्दै आमूल सुधारको संकेत कुनै पनि प्रमुख दलले स्पष्ट रूपमा देखाएका छैनन्। बरु, नेतृत्व जोगाउने रणनीति हाबी देखिन्छ।

कांग्रेसमा सभापति शेरबहादुर देउवा सक्रिय राजनीतिबाट अलग भए पनि तत्काल महाधिवेशन गर्न संस्थापन तयार छैन। बहुमत प्रतिनिधिको माग हुँदाहुँदै पनि समय सार्ने प्रयासले पार्टीभित्र अविश्वास बढाएको छ । एमालेले भने महाधिवेशनको मिति तोके पनि नेतृत्व निरन्तरताका लागि उमेरहद र कार्यकाल सीमा हटाइसकेको यथार्थले परिवर्तनप्रतिको इच्छाशक्ति प्रश्नमा परेको छ । माओवादीमा विशेष महाधिवेशनको निर्णय भए पनि पार्टी एकताको बहानामा मिति अनिश्चित बनाइएको छ, जसले नेतृत्व परिवर्तनप्रति अनिच्छा झल्काउँछ। रास्वपा नयाँ शक्ति भए पनि महाधिवेशनभन्दा विस्तारित बैठकमै सीमित हुने तयारीमा देखिन्छ।

यस्तो अवस्थामा जेन-जीले उठाएको सवाल केवल नेतृत्वको अनुहार फेर्ने मात्र होइन, राजनीतिक संस्कृति र आचरण बदल्ने हो। समयमै महाधिवेशन, पारदर्शी प्रतिस्पर्धा र पुस्तान्तरण नगरे दलहरू जनविश्वास गुमाउने जोखिममा पर्नेछन्। आन्दोलनको सन्देश सुन्न नसक्ने दलहरू भविष्यको राजनीतिमा अझ कमजोर बन्ने निश्चित छ ।

# दल–निषेधको अमिल्दो घुर्की !

• टक नेपाल

'भदौरे चट्याङ' पश्चात् केही कोणबाट पुराना दलहरूलाई निषेध गने घुर्की सुनिएको छ।के यो फगत 'उरेन्ठेउलो हठ' मात्रै हो ? सत्ता निवृत्त दलहरूप्रति हेय भाव राखिएजस्तो भाव देखिए पनि मूलतः यो बहुदलीयताप्रति प्रहार गर्ने सुविचारित यत्न हो । र, यो दलविहीनताको मौसम फर्काउने दीवास्वप्न देख्ने हठ हो। दलीय विरोध गरेर नेपाल र नेपालीको हित हुन्छ भन्ने कसैले सोच्छ भने त्यस्तो समूह पक्कै अज्ञानको स्वर्गमा रमाइरहेको हुनुपर्छ।

तर, अहिलेको कुहिरो लाग्न थालेको परिवेशमा दलविरोधी भावना भड्काएर त्यसलाई नियन्त्रित राख्ने निहुँमा प्रशस्त मोल-मोलाइ गर्न सकिने रहेछ। नवपुस्ता वर्गलाई नियन्त्रित राख्न अनेक भाष्यका पटकथा लेखिँदै छ। बहुदलीयलाई बलि चढाएर स्वतन्त्रहरूलाई नै महानायकका रूपमा स्थापित गर्ने यत्न अहिले नै भएको होइन । निर्दलीयलाई परिष्कृत गरी विभिन्न शक्ति केन्द्रले 'स्वतन्त्र' उम्मेदवारीको सफल प्रयोग काठमाडौंमा पछिल्ला चुनावमै गरिसकेका छन् ।

वर्तमान निर्वाचन कानुनले स्वतन्त्र रूपमा तीनै तहमा प्रत्याशी हुने छुट दिएको छ तर मुलुकको सञ्चालन स्वतन्त्रहरूको महागठबन्धनबाट किमार्थ हुन सक्दैन । यो भूमिका राजनीतिक दलहरूले मात्रै सम्पादन गर्न सक्छ। अन्यत्र पनि कतिपय स्वतन्त्र रूपमा जितेकाहरूमा कुण्ठाको पोको ठूलै छ। स्थायी सत्ता तिकडीका अन्य तिकडमबाजहरू पनि कम चाखलाग्दा छैनन्। 'देश त दलहरूले नै बिगारे, दलहरूलाई पछ्याइराख्यो भने नेपाल अस्ताउन अभिशप्त छ'- यो भाष्य यसरी फिँजाइएको छ कि सार्वजनिक यातायातमा आउँदाजाँदा वा चिया चौतारीमा, थरीथरीका यस्तै टिप्पणी सुन्न पाइन्छ।

पूर्वन्यायाधीशहरूमा शासन गने महत्त्वाकांक्षा त्यसै उब्जिएका होइनन् । काठमाडौंका कोठे बैठकहरूमा सेनाका निवृत्त जर्साबहरूद्वारा दलहरूप्रति देखाइने घृणा भाव कम डलाग्दो छैन । अवकाश प्राप्त केही सरकारी अधिकारीले पनि सत्तारूढ दलहरूको विरोधको रक्षात्मक मनस्थिति निर्माणमा उल्लेख्य भूमिका निर्वाह गरेका छन् । केही हदसम्म आफ्नो उद्देश्यमा यो प्रभावशाली समूह सफल पनि देखिएका छन्। 'कतिपय खानदानी जर्साबहरूलाई दलहरूले शासन गर्ने' भन्ने चित्तबुझ्ने कुरै भएन। यथास्थितिवादका प्रबर्द्धकहरूको मुखमा दलविरोध सदैव झुन्डिएको हुन्छ, यिनीहरूमा देश आफूहरूले जोगाएर राखेको भ्रम छ।

दलहरूको निषेधको घुर्कीका पछाडि अनेक तत्त्वको स्वार्थ जोडिएको झल्किन्छ । कोही पुराना दल र नेताहरूको समाप्तिमा आफ्नो उठान हेर्छन् । कोही दलहरूविरुद्धको माहोल बनाएर निर्धारित मितिको चुनाव धकेल्न खोज्छन्। कोही देश बिगार्ने दलहरूको साटो स्वतन्त्र भनिनेहरूको सरकार नै रहिरहने चाहना बोकेकाहरू छन् । यस्ताहरूमा सुशीला कार्कीको साटो अरू कोइ प्रतीक्षारत प्रधानमन्त्रीको सपना राख्ने समूह हुन्। कोही पर्दापछाडि कठपुतली सरकार रचना गरिराख्ने जुझारूहरू छन् । कसैका उत्प्रेरक भाव सम्भवतः चालु संविधान खारेजीको हुनुपर्छ । कसैको प्रत्यक्ष निर्वाचित कार्यकारीको नारा दिएर दलहरूप्रति वितृष्णा फैलाउने खेल हो। राज्यलाई फगत सम्पत्तिका रूपमा प्रयोग गर्ने कसरतको एउटा तुरूप दल निषेधको भाष्य हुनुपर्छ।

एउटा निर्विवाद तथ्य के हो भने दल जुनसुकै होस्, नाम र नेतृत्वमा जे देखियोस्, त्यसमा जनताको अदम्य आकांक्षा प्रतिबिम्बित भएको छैन भने जनताले आफ्नो प्रतिनिधित्व अनुभूत गर्न सकिरहेको हुँदैन । कुनै अमूक दलले आफ्नो विधानमा जतिसुकै जनतालाई बलियो बनाउने कुरा लेखे पनि व्यवहारमा आफू भागिदारी रहेको महसुस नगरे त्यसलाई जनताले पत्याउँदैनन् । 'दल भनेको ठेक्कापट्टा, सरुवा/बढुवा र भनसुन गर्ने/गराउने सहज सोपान हो' भन्ने विश्वास गने कार्यकर्ताहरूको संख्या जतिसुकै ठूलो रहे पनि त्यो दलमाथि प्रहार हुन थाल्दा























**विषादीयुक्त तरकारी र फलफुल सेवनबाट बच्न जनहितमा जारी सन्देश**

फलफुल तथा तरकारीमा विषादी सजिलै छुट्याउन त गाह्रो हुन्छ । यसको मापन गर्न यन्त्र उपकरणको आवश्यकता पर्छ । तर पनि तरकारी तथा फलफुल किन्दा केही सावधानी अपनाएको खण्डमा विषादीबाट यसरी बच्न सकिन्छ ।

- चिल्लो देखिने तरकारी तथा फलफुललाई बहिष्कार गर्ने ।
- आईसिएको जस्तो या किरा फट्याङ्ग्राले खाएको जस्तो किन्ने ।
- खोर नभएको भन्दा पनि कतै खोर भएको किन्ने ।
- सागपातमा प्वाल परेको जस्तो किन्ने ।
- सकभर मौसम अनुसार फल्ने फलफुल र तरकारीको मात्र सेवन गर्ने ।
- अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने ।
- विषादी जन्य खाद्यान्नलाई बहिष्कार गर्ने ।
- विषादी युक्त फलफुल र तरकारी भान्सामा नै भित्रिएको अवस्थामा ।
- सामान्य तरीका भनेको राम्ररी धुने, पखाल्ने नै हो । तर धोइपखाली गर्दा समेत विषादी नजान सक्छ, त्यसैले अधिका मात्रामा रहेको विषादी हटाउन नुनपानिको प्रयोग गर्न सकिन्छ ।
- यदि नुनपानि नराख्ने भए सफापानिमा रातभर भिजाउने र बिहान राम्रोसंग पखाल्ने गर्यो भने धेरै हदसम्म बाहिरी भागमा रहेको विषादी जान्छ । उपभोक्ता आफै सचेत भई आफ्नो स्वास्थ्यको विषादीयुक्त फलफुल र तरकारी खानु पर्छ ।

**कृषी ज्ञान केन्द्र महोत्तरी**
जलेश्वर,महोत्तरी

# दल–निषेधको अमिल्दो ........

ती चुप्पी लिन्छन् र आको अनुकूलताको प्रतीक्षा गर्छन् । करिब एक शताब्दीको दलहरू खोल्ने प्रयोग र परीक्षण अवधि रहेर पनि स्वतन्त्र, समतावादी र न्यायपूर्ण समाज निर्माण गर्न अनेकन चक्रव्यूह झेलिएको छ । यो चाहना पूरा गर्ने क्रममा नेपाली जनताले विभिन्न प्रयोग गर्दै आएका छन् । अतीतभन्दा फरक र वर्तमानभन्दा राम्रो बाटोमा हिँडाउने मान्यता राखेर दलहरू खुल्ने क्रम चलिरहेको छ । अतीतका यथार्थ नबुझेसम्म वर्तमान र भविष्य निर्माण गर्न सकिँदैन भन्ने स्वीकारोक्ति नहुन्जेल नवगठित हुने दलहरू पनि 'पुरानो बोतलमा नयाँ-नयाँ बिर्को' मात्रै रहेको प्रस्टिरहन्छ । यो क्रम रहिरहे दलहरूले फेरि पनि दह्रोसँग पाइला टेक्दैनन् ।

दलहरूप्रति असन्तुष्टि भुइँतहमा छ । तर, यो दलविहीनताको अर्थमा होइन । यो दलीयको अपूर्णता होइन, सरकारमा बस्नेहरू र दल सञ्चालनको ढंग ढाँचामा मौजुद रिक्तताको परिणाम हो । यो आमजनद्वारा 'आजीवन नेतृत्व' को प्रवृत्ति अस्वीकार गर्नु हो । उही पात्र लामो समयसम्म दलपति बनिरहनाले दलका पैतालाहरू भुइँ छाड्दै गएको क्रमलाई बिराम लगाउनुपर्छ भन्ने तर्क सुनिन्छ भने यो दलीयको दीर्घकालिक हितमै हो ।

पैसा, पहुँच र प्रभावले दलभित्रका पुराना र प्रतिबद्ध कार्यकर्तालाई ओझेलमा पार्दै आरोहण गर्नेहरूका कारण दलहरू प्रतिष्ठित वा स्वीकार्य बनाउने सम्भावना घट्दै आयो । लोभ्याएर राजनीति गर्ने दलहरूको बुझाइले तत्कालमा कुनै चुनाव जिताइहाले पनि यसले भुइँतहमा स्थायी आश्वस्त वा आकर्षण दिन सक्दैन । विगतमा चुनावमा भाग लिएका दलहरूको शैली यही रहिरह्यो । दलहरूको छवि स्खलित भएकै हो ।

बहुदलबिना लोकतन्त्र प्राणवायुरहित हुन्छ । दलहरूले सोझो अर्थमा संवैधानिक प्रक्रिया अनुसार प्रतिस्पर्धा गरेर बहुसंख्यक जनताद्वारा छानिएका प्रतिनिधिहरूको सम्मति अनुसार शासन गर्ने वैधता पाएको हुन्छ । दलहरूको उपस्थिति र सक्रियताले नागरिकलाई छनोटको विकल्प दिन्छ । जनताको अभिलाषालाई सरकारसमक्ष पुऱ्याउने, जनहितकारीमुखी कार्यप्रणाली राखिराख्न सरकारमाथि दबाब दिने, जनमत निर्माण गर्न विभिन्न रणनीति तय गर्ने काम दलको हो । एउटा दलको विकल्प अर्को दल हो । एउटा दलले अर्को दललाई सप्रिन, सच्चिन, सार्थक रहिरहन नैतिक प्रतिस्पर्धा दिइरहेको हुन्छ । एउटा दल निर्वाचनमार्फत सर्वसत्तावादी हुन थाल्यो भने त्यसलाई लगाम लगाउने दायित्व अरू प्रतिस्पर्धी दलहरूले बोकेको हुन्छ । तर, जुन प्रकारले दलीयता अभ्यास भयो त्यसले यसको परिभाषालाई एउटा सानो सीमाभित्र कैद गऱ्यो ।

दलहरू जो, जहाँ सत्ता वा प्रतिपक्षमा रहेर जब राजकीय भागबन्डालाई नैसर्गिक हक मान्न थाल्छ, राज्यलाई दोहन गर्ने स्रोतका रूपमा मात्रै हेर्छ । जब दलले एउटा सर्वज्ञात सिन्डिकेट बनाउन पुग्छ तब लोकतन्त्रमा दलको परिकल्पना गरिएका दायरा सोचिएभन्दा पृथक् हुन पुग्छ । बहुदलीयता सबैले भन्ने, तर कमैले मात्रै यसको मर्म अपनाउने विषयका रूपमा यो चिनिँदै आयो । नेपालमा यस्तै दलहरूको कारण बहुदलीयता मात्रै नारामा सीमित भयो । बहुदलीय व्यवस्थाका लागि लडेका दलहरू नै मतिछाडा देखिए । हो यतिखेर मौसमी रूपमा दल-निषेधको नारा न दीर्घकालसम्म टिक्छन्, न तिनको कुनै तौल नै हुन्छ । यो भनिरहँदा जनता र दलबीच टाढिएको दूरी नघटाउनुको भार अब यो संविधानले थेग्न सक्दैन ।

प्रायः दलहरूमा व्यक्ति-पूजाको प्रवृत्ति छ । एउटै व्यक्तिको चुम्बकीय प्रभामण्डलमा दल टिकेको बुझाइ छ । दलको भाग्यविधाता कुनै अमूक नेतालाई मान्ने चलन छ । ती दलपति सिंहासनबाट हटे दल विभाजन हुने, 'उत्तराधिकारी घोषणा गर्नुपर्छ वा दलपति एउटा अवधिपछि स्वैच्छिक निवृत्तिमा जानुपर्छ' भन्ने दबाबलाई षड्यन्त्रको संज्ञा दिइन्छ । यस्तोमा ती दलपतिहरू मुखले 'म लोकतन्त्रवादी हुँ' भन्दैमा ऊ लोकतन्त्रको सच्चा पहरेदार हुने सुविधा यही कारण उसलाई कतैबाट पनि प्राप्त हुन सक्दैन । दल भनेको लोकतन्त्रमा कुनै नाफामूलक कम्पनी होइन, जहाँ कुन नेतृत्वले कति सिट जिताइदियो, त्यसको आधारमा मूल्यांकन होस्, यसको भूमिका त्योभन्दा उच्च मानिएको छ । के कस्ता मूल्यमान्यताहरूले प्रश्रय पायो ? त्यस आधारमा दलपतिको सान्दर्भिकता व्याख्या हुने हो । पुराना दलभन्दा नयाँ दलहरू कुन अर्थमा भिन्न छन् ? त्यस आधारमा तिनको औचित्य स्थापित हुन्छ । दलहरूभित्र आन्तरिक लोकतन्त्रको तात्पर्य तिनका संगठनात्मक ढाँचा र कार्यप्रणालीमा लोकतान्त्रिक सिद्धान्त तथा प्रक्रियाहरूको अभ्याससँग छ । यसमा निर्णय लिने प्रक्रिया, नेतृत्व चयन, नीति निर्धारण र दलपतिको आफ्ना सदस्यप्रति जवाफदेही सुनिश्चित गर्नु हो । उस्तै-उस्तै चाल र चरित्र रहिरहेको अवस्थामा पुराना दलहरूको विकल्प नयाँ दलहरू हुन सक्दैनन् ।

पुराना दलहरू नसच्चिए नयाँ शक्तिले जनादेशबाट तिनलाई विस्थापित गर्छ । जनतासँग यो अधिकार छ कि उसले कसलाई आफ्नो प्रतिनिधि बनाउँछ । हामीकहाँ दलपति बदल्ने एकोहोरो कोलाहल चलिरहेको छ, तर किन बदल्ने ? त्यसैगरी 'पुराना दलहरू हटाऊ, नयाँ नयाँ ल्याऊ' नारा खुब फलाकिएको छ, तर त्यो नयाँले गर्ने के ? दलहरूको आवश्यकता र पुराना दलहरूले खडा गरेका त्रासदीहरूको थुप्रै आलोचक भेटिन्छ यतिखेर । तर, दलहरू निर्माण भनेको अँध्यारो कोठामा कोरिने स्वार्थी द्युतक्रीडा होइन । यो त विसंगत पक्ष उज्यालोमा ल्याएर परिवर्तनको अपर्याप्त विषयलाई सत्ताको केन्द्रमा स्थापित गर्ने सामूहिक संकल्प हो ।

दल र चुनाव प्रायः अविभाज्य पक्ष हो । राजनीतिक दलहरूले चुनावी चुनौती स्वीकार गर्छन् नै । सुशीला कार्की नेतृत्वको सरकारले आफ्नो सम्मानजनक बहिर्गमन चाहेको हो भने निर्वाचन आयोगमार्फत देखापरेका नियम व्यवहारमै देखिने गरी सबै दलका लागि समान बनाउनुपर्छ ।

हेक्का रहोस्, यो पञ्चायती चुनाव होइन, मर्जी लागेकालाई भाग लिन अनुकूलताका अनेकौं जुक्ति खेल्ने र मन नपराउनेलाई निषेध गर्ने । त्यसैगरी एक दलले अर्को दलका कमीकमजोरी झिक्नु, त्यसलाई जनसमक्ष राख्नु आधारभूत निर्वाचनीय प्रक्रिया हो । तर, कुनै दललाई निषेध गर्न प्रपञ्च गर्नु अधिनायकी हो । यतिखेर गुफाबाट फुत्त निस्किएकाहरू भूस्वर्गको सपना बेचिरहेका छन् । 'फु' गरेर पुराना दल ढल्दैनन् । तर, पुराना दलहरू नसच्चिए


## एकडारा गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय,एकडारा,महोत्तरी
### मधेश प्रदेश,नेपाल

**दर रेट मागको सुचना**

**प्रथम पटक प्रकाशित मितीः २०८२।०७।१२**

यस कार्यलयको आर्थिक बर्ष २०८२।८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार बिपद व्यवस्थापन शिर्षक अन्तर्गत राहत बितरण प्रयोजनको लागी देहाय अनुसारका समानहरु खरिद गर्नु पर्ने भएकाले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तीले सुचना प्रकाशित मितीले ७ दिन भित्र गाँउ पालिका कार्यलयमा दररेट प्रस्ताव गर्नुहुन आव्हान गरिएको छ । रित नपुगेको वा म्द नाघी आएका प्रस्ताव छनौटमा समावेश नगरिने व्होरा जानकारी गराइन्छ ।

| क्र.स. | सामग्रीको बिवरण | आवस्यक परिमाण | पेश गर्नु पर्ने कागजातहरु |
|---|---|---|---|
| १ | चामल | २५०० के.जी. | १.फर्म दर्ताको प्रमाण पत्र ।<br>२.भ्याट दर्ताको प्रमाण पत्र ।<br>३.आर्थिक बर्ष २०८१/८२ को करचुक्ताको प्रमाण पत्र ।<br>४.दर रेट स्पष्ट रुपमा बुझिने गरी पेश गर्नु पर्ने छ । |
| २ | च्युरा | ५०० के.जी. | |
| ३ | नुन | १०० के.जी. | |
| ४ | दाल | २०० के.जी. | |

एकडारा गाँउपालिकाको कार्यलय















**डिभिजन बन कार्यालयको अनुरोध**

- रुख रोपौं, बन जोगाऔं ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई बचाइ राखौं ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौं, जलवायु परिवर्तनको असर न्यूनिकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदीकटान बाढी रोकथाम गर्दै बिपद व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- प्लाष्टिक झोलाको सट्टामा वैकल्पिक झोलाको प्रयोग गरौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक बिरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयमा सम्पर्क गरौं ।

डिभिजन बन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४

अल्टिच्युड एयरको हेलिकोप्टर दुर्घटना :

# पाइलट स्वास्थ्य जाँचपछि घर फर्के



● टक नेपाल

बिरामी पर्यटकको उद्धारका लागि बुधबार सोलुखुम्बुको लोबुचेमा अवतरण गर्दैगर्दा अल्टिच्युड एयरको हेलिकोप्टर दुर्घटना भएको छ। उक्त उडानमा रहेका एक मात्र क्याप्टेन विवेक खड्का सकुशल काठमाडौं फर्किसकेको अल्टिच्युड एयरका कार्यकारी अध्यक्ष निमानुरु शेर्पाले बताए।

पिक हाइल्यान्ड एक्सपिडीसन कम्पनीबाट खुम्बु क्षेत्रको पदयात्रामा गएका रसियन पर्यटकलाई उद्धार गर्न अल्टिच्युडको अल्फा माइक सेरा कल साइन भएको बीथ्री हेलिकोप्टर लुक्लाबाट लिएर क्याप्टेन खड्का लोबुचेका लागि बिहान साढे ७ बजेपछि उडेका थिए। लोबुचेको हेलिप्याडमा अवतरण गर्नेक्रममा बिहान ७:५२ मा दुर्घटना भएको थियो। दुर्घटनापछि क्याप्टेन खड्कालाई कैलाश एयरको हेलिकोप्टरले उद्धार गरेर लुक्ला हुँदै काठमाडौं ल्याएको थियो। क्याप्टेन खड्का ह्याम्स अस्पतालमा स्वास्थ्य परीक्षणपछि कार्यालय हुँदै बेलुकी घर फर्किसकेको शेर्पाले बताए।

यतिबेला लुक्लामा खराब मौसमका पर्यटकहरु बिरामी हुने, उद्धार गर्नुपर्ने दैनिकजसो भइरहन्छ। दुर्घटनामा परेको हेलिकोप्टरले बुधबार बिहान लुक्लाबाट फेरिचे र कोथेमा दुइटा चार्टर उडान गरिसकेका थिए। लोबुचेका लागि क्याप्टेन खड्काको तेस्रो उडान थियो।

दुर्घटनापछि कान्तिपुरको सम्पर्कमा आएका क्याप्टेन खड्काले बाक्लो हिउँ अनि बादल पनि भएका बेला हेलिप्याड हिउँले छोपिएको बताउँदै होबरीङ गर्दै जहाज अवतरण गराउँदै गर्दा सन्तुलन खलबलिएर दुर्घटनामा परेको सुनाए। 'पुनः माथि उठाउन सकिएन। जमिनमाथिको हेलिप्याड जस्तो हुन्न, हिउँमा गाह्रो हुन्छ। कमजोर वा बाक्लो हिउँको संरचना कसरी बनेको छ। त्यसले असर पार्छ। मैले हेलिकोप्टरको सन्तुलन खलबलिने बित्तिकै तेल बन्द गरेँ। ब्रेक पनि तानिदिएँ। यसकारण आगो लाग्ने र थप क्षति हुन रोकियो। जहाजमा ममात्रै थिएँ। मलाई केही भएको छैन,' क्याप्टेन खड्काले भने।

यसैबीच उक्त दुर्घटनाको नेपाल नागरिक उड्डयन प्राधिकरणले आन्तरिक छानबिन गर्न बिहीबार समिति बनाउने जनाएको छ। प्राधिकरणले बिहीबार सबै हेलिकोप्टर कम्पनीका संचालकहरुसँग सिनामंगलस्थित प्राधिकरणको सेफ्टी विभागमा बैठक राखेको छ।

दुर्घटनामा परेको झण्डै ४९ करोड रुपैयाँ बराबरको अल्टीच्यूडको हेलिकोप्टर मर्मतपछि उडान गर्न मिल्ने/नमिल्नेबारे अध्ययन गर्न एयरबस र विमान कम्पनीका विज्ञहरु नेपाल आउँदै छन्। घटनास्थलमा उनीहरुले गर्ने प्राविधिक जाँचपछि यसबारे यकिन हुने कार्यकारी अध्यक्ष शेर्पाले बताए। यो अल्टीच्युडको स्थापनाकालमा खरिद गरेको पहिलो हेलिकोप्टर हो।

यसैबीच अल्टीच्युडले बुधबारदेखि आफ्ना रोकिएका चार्टर उडान सञ्चालन हुने जनाएको छ। ९ वर्षअघि स्थापना भएको यो वायुसेवा कम्पनीसँग अब दुइटा हेलिकोप्टर छन्। यसअघि २०७५ भदौमा यसै कम्पनीको अल्फा लिमा सेरा हेलिकोप्टर धादिङमा दुर्घटना हुँदा पाइलटसहित ६ जना नेपालीको मृत्यु भएको थियो। बुधबार भएको हेलिकोप्टर दुर्घटनासहित नेपालको उड्डयन क्षेत्रमा २०३६ सालयता ४२ वटा हेलिकोप्टर दुर्घटना भइसकेका छन्।

लोबुचे क्षेत्रमा यसअघि २०८० असोज २७ गते मनाङ एयरको हेलिकोप्टर दुर्घटना हुँदा एक जनाको घटनास्थलमा मृत्यु भएको थियो।

प्रधानमन्त्री कार्कीले भनिन्

# 'भारतमा न्यायाधीश मन्त्री भएका छन्, यहाँ असामान्य परिस्थितिमा हुँदा किन प्रश्न ?'

● टक नेपाल



प्रधानमन्त्री सुशीला कार्कीले पूर्वप्रधानन्यायाधीश र पूर्वन्यायाधीश प्रधानमन्त्री तथा मन्त्री हुँदा उठेका प्रश्नप्रति असन्तुष्टि जनाएकी छन्।

कार्कीले भारतमा पूर्वप्रधानन्यायाधीश र पूर्वन्यायाधीश मन्त्री र सांसद बनेको उदाहरण उल्लेख गर्दै नेपालमा असामान्य परिस्थितिमा प्रधानमन्त्री र मन्त्री बन्दा किन प्रश्न उठेको भन्दै प्रतिप्रश्न गरेकी छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा राजनीतिक दलका नेता र जेन-जी प्रतिनिधिसँगै आफ्नो मन्त्रिपरिषद्का सदस्यलाई राखेर प्रधानमन्त्री कार्कीले उक्त प्रश्न गरेकी हुन्। कार्की पूर्वप्रधानन्यायाधीश हुन् भने सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हा मन्त्री छन्। सर्वोच्च अदालतमा पनि पूर्वप्रधानन्यायाधीश र पूर्वन्यायाधीश प्रधानमन्त्री तथा मन्त्री बन्न नपाउने संवैधानिक व्यवस्था उल्लेख गर्दै कार्कीमाथि प्रश्न उठेको छ। बुधबारबाटै कार्की नेतृत्वको सरकार गठन र प्रतिनिधिसभा विघटनविरुद्धका रिटमा सर्वोच्चको संवैधानिक इजलासमा बहस सुरु भएको छ।

बालुवाटार बैठकमा एमालेले सरकार संविधानको व्यवस्था विरुद्धमा भएको कुरा उठाएको थियो। एमालेका महेश बर्तौलाले असंवैधानिक सरकारले संसद् विघटन गरेको कुरा उठाएका थिए। असंवैधानिक सरकारले विघटन गरेको प्रतिनिधिसभा पुनःस्थापना गरेर वर्तमान राजनीतिक संकट समाधान गर्नुपर्ने बर्तौलाको भनाइ थियो। जवाफमा प्रधानमन्त्री कार्कीले भारतको उदारण दिएको हुन्। नेपालको संविधानले भने पूर्वप्रधानन्यायाधीश र पूर्वन्यायाधीशलाई प्रधानमन्त्री र मन्त्री लगायतका पदमा जान रोक लगाएको छ।

प्रधानमन्त्री कार्कीले आफ्नो सरकारमाथि संवैधानिक प्रश्न उठेपछि भनेकी थिइन्, 'यहाँ न्यायाधीशका कुरा पनि उठे। संसद् विघटनमा भएका निर्णयका पनि कुरा

बाकी पृष्ठ २.....

शुभकामना
नेपालीहरुको महान चाड शुभ दिपावली तथा छठ पर्व २०८२ को शुभ अवसरमा शुभचिन्तक साथै सम्पूर्ण -नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, समृद्धि र स्वच्छ वातावरणयुक्त जीवन तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
राजकिशोर साह
प्रमुख
यातायात व्यवस्था सेवा कार्यालय
महोत्तरी, मधेश प्रदेश
यातायात व्यवस्था सेवा कार्यालय बर्दिबास

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल
२४ सं घण्टा इमजेन्सी सेवा
ICU,NICU,PICU सेवा
EndosocopyDiode Laser सेवा
विभिन्न विगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
Laproscopy सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको समेत व्यवस्था भएको
247 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014